# परिचयात्मक पुस्तिका

(आ.व. २०६५।६६ को उपलब्धी तथा
आ.व. २०६६।६७ को वार्षिक कार्यक्रमहरु समेत)

नेपाल सरकार

**उद्योग मन्त्रालय**

**योजना तथा नीति विश्लेषण महाशाखा**

सिंहदरवार, काठमाडौं

फोन नं. ४२११४३७, ४२११२९३, फ्याक्स नं. ४२११६१९

वेव साइटः www.moi.gov.np, ई-मेलः info@moi.gov.np

# विषयसूची


| | | |
|---|---|---|
| १. | संक्षिप्त परिचय | १ |
| २. | उद्योग मन्त्रालय | ४ |
| ३. | उद्योग विभाग | १३ |
| ४. | खानी तथा भूगर्भ विभाग | २१ |
| ५. | घरेलु तथा साना उद्योग विभाग | २४ |
| ६. | नेपाल गुणस्तर तथा नापतौल विभाग | ३२ |
| ७. | कम्पनी रजिष्ट्रारको कार्यालय | ३५ |
| ८. | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र (P1) | ३८ |
| ९. | घरेलु तथा साना उद्योग विकास कार्यक्रम (२७ जिल्ला) (P1) | ४३ |
| १०. | घरेलु तथा साना उद्योग विकास कार्यक्रम (समिति) (P1) | ४८ |
| ११. | घरेलु तथा साना उद्योग विकास कार्यक्रम, (४८ जिल्ला) (P1) | ५५ |
| १२. | लघु उद्यम विकास कार्यक्रम (P1) | ६० |
| १३. | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) (P2) | ६४ |
| १४. | खनिज अन्वेषण तथा विकास आयोजना (P2) | ७३ |
| १५. | औद्योगिक लगानी प्रबर्द्धन कार्यक्रम (P2) | ७८ |
| १६. | वातावरणीय क्षेत्र सहयोग कार्यक्रम (उर्जा कार्यक्रम समेत) (P2) | ८२ |
| १७. | पेट्रोलियम अन्वेषण परियोजना (P2) | ८७ |
| १८. | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (P2) | ९२ |
| १९. | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना (P2) | ९७ |
| २१. | चालु आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्यमा उल्लिखित उद्योग मन्त्रालयसँग सम्बन्धित मुख्य मुख्य नीति तथा कार्यक्रम (कार्यान्वयन कार्य योजना सहित) | १०२ |

# १. संक्षिप्त परिचय

## १.१ परिचय

हाम्रो जस्तो विकासोन्मुख देशको अर्थतन्त्रलाई सुदृढ एवं बलियो बनाउने एक मात्र आधार देशलाई औद्यागिकीकरणको दिशा तर्फ उन्मुख गराउनु हो। यसका लागि दीर्घकालिन सोच (Vision) सहित उपयुक्त एवं प्रभावकारी सँगठनात्मक व्यवस्थाको आवश्यकता पर्दछ। विकसित राष्ट्रको पहिचान तथा विकासोन्मुख देशहरूमा आर्थिक विकासको सूचकको रुपमा रहेको उद्योग क्षेत्रको सुदृढीकरण र विस्तार गर्दै यसको माध्यमबाट रोजगारी अभिवृद्धि गरी जनताको जीवनस्तरमा सुधार ल्याउदै सबल, सक्षम र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि प्रमुख निर्यातजन्य उद्योगहरूको प्रवर्द्धन तथा विस्तारमा जोड दिने, स्थानीय सीप र स्रोतमा आधारित लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन गर्ने, औद्योगिक उत्पादनमा गुणस्तर तथा उत्पादकत्वमा अभिवृद्धि गर्ने, आन्तरिक द्वन्द्व तथा अन्य विविध समस्याबाट रुग्ण हुन पुगेका उद्योगहरूको पुनरुत्थानमा सघाउ पुऱ्याउने, औद्योगिक विकासका सन्दर्भमा क्षेत्रीय तथा विश्वव्यापी सँगठनहरूसँग गरिएका प्रतीव्रद्धताहरूको कार्यान्वयन गर्ने, खनिज अन्वेषण तथा उत्खनन् गरी उद्योगको लागि आवश्यक कच्चा पदार्थ जुटाउने जस्ता कार्यहरू संचालन गर्नु नितान्त आवश्यक हुन्छ। यस क्रममा यस क्षेत्रका नीतिगत, कानूनी तथा प्रक्रियागत पक्षहरूमा समसामयिक सुधारहरू गर्दै ठूला साना सबै उद्योगहरूमा लगानी मैत्री वातावरणको निर्माण गरी लगानी आकर्षित गर्ने तर्फ पनि आवश्यक पहल हुनु उत्तिकै जरुरी छ। यस कार्यमा नेपाल सरकारको केन्द्रिय निकायको रुपमा उद्योग मन्त्रालयबाट मुख्य भूमिका निर्वाह हुदै आएको छ।

उद्योग तथा औद्योगिक विकास, प्रवर्द्धन र संरक्षण, खानी तथा खनिज पदार्थ अन्वेषण, सर्वेक्षण, अध्ययन, अनुसन्धान सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्र, औद्योगिक पूर्वाधार विकास, औद्योगिक संघ-संस्था, औद्योगिक नियोग, संयुक्त राष्ट्रसंघीय औद्योगिक विकास सँगठन तथा अन्य अन्तर्राष्ट्रिय औद्योगिक सँगठन, वैदेशिक लगानी प्रवर्द्धन, औद्योगिक लगानी प्रवर्द्धन, घरेलु तथा ग्रामीण सीप र उद्योगको संरक्षण तथा प्रवर्द्धन, नाप, तौल र गुणस्तर निर्धारण तथा प्रवर्द्धन, उद्योग सम्बन्धी सार्वजनिक प्रतिष्ठान, उत्पादकत्व वृद्धि विषयक नीति तथा कार्यक्रम, औद्योगिक प्रविधि विकास र प्रविधि हस्तान्तरण, औद्योगिक जनशक्तिको विकास तथा तालिम, कम्पनी प्रशासन, सँगठित संस्थाको दामासाही प्रशासन, औद्योगिक सम्पत्ति र प्रशासन, सम्बन्धी कार्य गर्न उद्योग मन्त्रालय र मन्त्रालय मातहत विभिन्न संस्थागत व्यवस्था गरिएकोछ।

## १.२ आ.व. ०६६।६७ को बजेट तथा कार्यक्रम

उद्योग मन्त्रालय र अन्तर्गत उद्योग विभाग, खानी तथा भूगर्भ विभाग, घरेलु तथा साना उद्योग विभाग, केन्द्रिय कारागार कारखाना, नेपाल गुणस्तर तथा नापतौल विभाग, नेपाल गुणस्तर तथा नापतौल कार्यालयहरू, कम्पनी रजिष्ट्रारको कार्यालय साधारण प्रशासन अन्तर्गत तथा ५ वटा पहिलो प्राथमिकता प्राप्त र ७ वटा

दोस्रो प्राथमिकता प्राप्त आयोजनाहरू सञ्चालनमा रहेका छन्। यी विभाग, कार्यालय तथा आयोजनाहरूको बारेमा अगाडिका पृष्ठहरूमा क्रमबद्ध रुपमा चर्चा गरिएको छ।

चालु आ.व.०६६।६७ मा उद्योग मन्त्रालय र अन्तर्गतका विभाग, आयोजना तथा कार्यक्रमहरूको लागि विनियोजित कूल वजेट देहाय बमोजिम रहेको छ।

| सि.नं. | वजेट उपशिर्षक नम्बर | आयोजना/कार्यक्रमको नाम | आ.व.०६५।६६ को संशोधित अनुमान | आ.व.०६६।६७ मा विनियोजित बजेट | | | श्रोत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल जम्मा | चालु | पूंजीगत | नेपाल सरकार | वैदेशिक अनुदान |
| १ | ३८-३-११०<br>३८-४-११० | उद्योग मन्त्रालय | २२३१४ | ४०१३३ | २४९८३ | १५१५० | ४०१३३ | |
| २ | ३८-३-१२०<br>३८-४-१२० | उद्योग विभाग | १८१८२ | १७६८१ | १७१२१ | ५६० | १७६८१ | |
| ३ | ३८-३-१३०<br>३८-४-१३० | खानी तथा भूगर्भ विभाग | ४५७५१ | ४८००६ | ४६९६६ | १०४० | ४८००६ | |
| ४ | ३८-३-१४०<br>३८-४-१४० | घरेलु तथा साना उद्योग विभाग | ६३६६३ | २५९६५ | २०५१५ | ५४५० | २५९६५ | |
| ५ | ३८-३-१४१ | केन्द्रिय, कारागार कारखाना | ३१०० | ३६७८ | ३६७८ | ० | ३६७८ | |
| ६ | ३८-३-१५०<br>३८-४-१५० | नेपाल, गुणस्तर तथा नापतौल विभाग | २८३२१ | ३४७१८ | २५८८८ | ८८३० | ३४७१८ | |
| ७ | ३८-३-१५१<br>३८-४-१५१ | नेपाल गुणस्तर तथा नापतौल कार्यालयहरू | १८००५ | २३७२२ | २१७४७ | १९७५ | २३७२२ | |
| ८ | ३८-३-१६०<br>३८-४-१६० | कम्पनि रजिष्ट्रारको कार्यालय | १३१५० | २१५७० | १२४५० | ९१२० | २१५७० | |
| ९ | ३८-३-१६५<br>३८-४-१६५ | सैनिक सामाग्री उत्पादन निर्देशनालय *** | १४९०२९ | २६७१९० | १४१७६० | १२५४३० | २६७१९० | |
| | | साधारण प्रशासनतर्फ जम्मा | ३६१५१५ | ४८२६६३ | ३१५१०८ | १६७५५५ | ४८२६६३ | |
| ख. | विकास कार्यक्रम | | | | | | | |
| १ | ३८-३-२५२<br>३८-४-२५२ | वातावरणीय क्षेत्र सहयोग कार्यक्रम (उर्जा संरक्षण समेत) | ८४६४ | ९०६४ | ८९९९ | ६५ | ९०६४ | |
| २ | ३८-३-३०१<br>३८-४-३०१ | खनिज अन्वेषण तथा विकास आयोजना | ४८१४ | ५९०८ | १९५८ | ३९५० | ५९०८ | |
| ३ | ३८-३-३०२<br>३८-४-३०२ | पेट्रोलियम अन्वेषण परियोजना | ४२७७ | ४७६५ | ४०५० | ७१५ | ४७६५ | |
| ४ | ३८-३-३०४<br>३८-४-३०४ | भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान आयोजना | ३०७२ | ३२०८ | १३९३ | १८१५ | ३२०८ | |
| ५ | ३८-३-४०४<br>३८-४-४०४ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | १११३६ | १३३९० | १३२२० | १७० | १३३९० | |
| ६ | ३८-३-४०६<br>३८-४-४०६ | घरेलु तथा साना उद्योग विकास कार्यक्रम (समिति) | २९०७९ | ४५४९४ | ४०४८९ | ५००५ | ४५४९४ | |

| सि.नं. | वजेट उपशिर्षक नम्बर | आयोजना/कार्यकमको नाम | आ.व.०६५।६६ को संशोधित अनुमान | आ.व.०६६।६७ मा विनियोजित बजेट | | | श्रोत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल जम्मा | चालु | पूंजीगत | नेपाल सरकार | वैदेशिक अनुदान |
| ७ | ३८-३-४०७ | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र | १७२२२ | १९०७१ | १८९७१ | १०० | १९०७१ | |
| ८ | ३८-३-४०९<br>३८-४-४०९ | लघु उद्यम विकास कार्यक्रम | ६१७४० | १०३४५० | १०३४५० | ० | ५०००० | ५३४५० |
| ९ | ३८-३-८०१<br>३८-४-८०१ | घरेलु तथा साना उद्योग विकास कार्यक्रम (४८ जिल्ला) | १००५५१ | १४५४८८ | १२४४२३ | २१०६५ | १४५४८८ | |
| १० | ३८-३-८०२<br>३८-४-८०२ | घरेलु तथा साना उद्योग विकास कार्यक्रम (२७ जिल्ला) | ९५८४७ | १०४११३ | १०१६८८ | २४२५ | १०४११३ | |
| ११. | ३८-३-६०५<br>३८-४-६०५ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २३६००० | ५१३४५७ | ६७५२ | ५०६७०५ | ५१३४५७ | |
| १२. | ३८-३-६५७<br>३८-४-६५७ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | ३००० | ४२१३ | ४२१३ | ० | ४२१३ | |
| | | विकास कार्यक्रमतर्फ जम्मा | ५७५२०२ | ९७१६२१ | ४२९६०६ | ५४२०१५ | ९१८१७१ | ५३४५० |
| | | उद्योग तथा खानी क्षेत्रको कूल जम्मा | ९३६७१७ | १४५४२८४ | ७४४७१४ | ७०९५७० | १४००८३४ | ५३४५० |

*** *सैनिक सामाग्री उत्पादन निर्देशनालय रक्षा मन्त्रालय अन्तर्गत रहेको र यस निर्देशनालयबाट सैनिक सामाग्रीहरू उत्पादन गर्ने र यसको बजेट खर्च लगायतको कार्य सोहि मन्त्रालयबाट हुने भएकोले यस पुस्तिकामा अन्यत्र चर्चा गरिएको छैन ।*

# २. उद्योग मन्त्रालय


## २.१ मन्त्रालयको कार्यक्षेत्र

देशलाई  औद्योगिकरण तर्फ उन्मुख गराई दिगो औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गरी औद्योगिक विकासका माध्यमद्वारा रोजगारीका अवसर सिर्जना, औद्योगिक उत्पादन, निर्यात प्रवर्द्धन तथा विदेशी मुद्रा आर्जन गरी उच्च आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न नेपाल सरकारको केन्द्रीय निकायको रुपमा यस मन्त्रालयको २०६५।५।१५ मा छुट्टै स्थापना भएको हो। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६४ (पहिलो संशोधन २०६५।५।१५ सहित) बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र देहाय बमोजिम रहेको छ :-

- उद्योग तथा औद्योगिक विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- खानी तथा खनिज पदार्थ अन्वेषण सम्बन्धी नीति, योजना तथा कार्यान्वयन,
- खानी तथा खनिज विकास विषयक अध्ययन, तालिम, अन्वेषण तथा सर्वेक्षण,
- औद्योगिक विकास,
- औद्योगिक क्षेत्रहरू तथा औद्योगिक संघ-संस्थाहरू,
- औद्योगिक नियोगहरू,
- संयुक्त राष्ट्रसंघीय औद्योगिक विकास सँगठन तथा अन्य अन्तर्राष्ट्रिय औद्योगिक सँगठन,
- वैदेशिक लगानी प्रवर्द्धन,
- औद्योगिक लगानी प्रवर्द्धन,
- घरेलु तथा ग्रामीण सीप र उद्योगको संरक्षण तथा प्रवर्द्धन,
- नाप, तौल र गुणस्तर निर्धारण तथा प्रवर्द्धन,
- उद्योग सम्बन्धी सार्वजनिक प्रतिष्ठान,
- उत्पादकत्व वृद्धि विषयक नीति तथा कार्यक्रम,
- औद्योगिक प्रविधि विकास र प्रविधि हस्तान्तरण,
- औद्योगिक जनशक्तिको विकास तथा तालिम, अन्वेषण तथा सर्वेक्षण,
- औद्योगिक प्रवर्द्धन र संरक्षण,
- कम्पनी प्रशासन,
- औद्योगिक सम्पत्ति र प्रशासन,
- सँगठित संस्थाको दामासाही प्रशासन,
- विशेष आर्थिक क्षेत्र,
- नेपाल इञ्जिनियरिङ्ग सेवा अन्तर्गतका माइनिङ्ग, जियोलोजी, केमेष्ट्री, केमिकल, मेटालर्जिकल र मेट्रोलोजी समूहको सेवा सञ्चालन।

## २.२ सँगठन तालिका

*नेपाल सरकार (मन्त्रिपरिषद्) बाट*
*स्वीकृत मितिः २०६५/५/२१*



## २.३ मन्त्रालय अन्तर्गतका महाशाखाहरु

यस मन्त्रालयमा प्रशासन तथा संस्थान महाशाखा, औद्योगिक प्रबर्द्धन महाशाखा, प्रविधि महाशाखा र योजना तथा नीति विश्लेषण महाशाखा गरी चार महाशाखाहरू रहेका छन्। ती महाशाखाहरूको संक्षिप्त कार्य विवरण देहाय बमोजिम रहेको छ।

### २.३.१ प्रशासन तथा संस्थान महाशाखा

यस महाशाखा अन्तर्गत सम्पादन हुने कार्यहरूमा कर्मचारी प्रशासन, सामान्य प्रशासन, आर्थिक प्रशासन, सार्वजनिक संस्थानहरूको व्यवस्थापन तथा सम्पर्क मन्त्रालय सम्बन्धी प्रशासन जस्ता कार्यहरू पर्दछन्। यस महाशाखा अन्तर्गत तीन वटा शाखा रहेका छन्। तिनीहरूको कार्यक्षेत्र संक्षिप्त रुपमा देहाय अनुसार रहेको छ।

#### २.३.१.१ आर्थिक प्रशासन शाखा

उद्योग मन्त्रालय र अन्तर्गतका निकायहरूको लागि आगामी आर्थिक वर्षका लागि अनुमानित (साधारण) बजेट बनाई पेश गर्ने, विनियोजित बजेट अर्थ मन्त्रालयबाट खर्च गर्ने अख्तियारी प्राप्त भए पछि अन्तर्गतका विभाग/आयोजना/कार्यालयहरूमा अख्तियारी पठाउने र सो को अभिलेख सम्वन्धी आवश्यक काम गर्ने, अख्तियारी प्राप्त भए पछि विनियोजन बजेट निकासा माग गरी खर्च सहितको अभिलेख राखी आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण गराउने, लेखापरीक्षणबाट वेरुजु देखिन आएमा सो को अभिलेख गरी फछ्र्यौट गर्ने गराउने सम्वन्धी काम गर्ने र तत्सम्वन्धी प्रगति विवरण सम्वन्धीत निकायमा पठाउने, राजस्व तथा धरौटी वापत प्राप्त हुन आउने रकमको अभिलेख राख्ने, लेखापरीक्षण गराउने, मन्त्रालय तथा अन्तर्गतको केन्द्रीय लेखा तयार गरी सम्वन्धीत निकायमा पठाउने, महालेखा परीक्षकको वार्षिक प्रतीव्रेदनमा उल्लेखित व्यहोराहरूको जवाफ संकलन तथा अध्ययन गरी सार्वजनिक लेखा समितिबाट माग भएका वखत पठाउने व्यवस्था गर्ने, मन्त्रालयमा प्राप्त हुन आउने आर्थिक प्रशासनसँग सम्वन्धीत सरकारी नीति तथा आर्थिक अनुशासन सम्वन्धी विभिन्न निर्देशनहरू पालना गर्ने, अन्तर्गतका निकायहरूले सो पालना गर्ने व्यवस्था गराउने, कुनै बजेट उपशीर्षकमा रकम थपघट गर्नु परेमा रकमान्तर सम्वन्धी अर्थ मन्त्रालयबाट निकासा भए वमोजिम गर्ने गराउने, आर्थिक विषयमा कार्यालय प्रमुख/आयोजना प्रमुखबाट राय माग भएमा राय दिने तथा कार्यालय प्रमुखबाट आर्थिक विषयमा आदेश निर्देशन भएकोमा नियमानुसार सो आदेश निर्देशन बमोजिम गर्ने कार्यहरू आर्थिक प्रशासन शाखाबाट सम्पादन हुने गर्दछ।

#### २.३.१.२ प्रशासन शाखा

यस शाखाले मन्त्रालय र अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूसँग सम्बन्धीत प्रशासनिक कार्य, मानव संशाधन विकास सम्बन्धी कार्य, मन्त्रालय अन्तर्गतका सम्पूर्ण निकायहरूको भौतिक साधनहरूको अनुगमन, निरीक्षण, स्वदेश तथा विदेशमा संचालन हुने विभिन्न तालिम, गोष्ठी, अध्ययन, अध्ययन भ्रमण, सभा सम्मेलनमा कर्मचारी मनोनयन सम्बन्धी कार्य, आन्तरिक प्रशासन सम्बन्धी कार्य, कर्मचारीहरूको सरुवा, बढुवा, अवकास, पदपुर्ति, दरवन्दी स्वीकृती सम्बन्धी कार्य, शुशासन तथा नागरिक वडापत्र बमोजिम

कार्य भए नभएको अनुगमन सम्बन्धी कार्य गर्नुको साथै मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यालयको जनशक्ति विकास र कर्मचारी प्रशासन सम्वन्धी कार्य गर्दछ। निजामति सेवा ऐन बमोजिम मन्त्रालयले संचालन गर्न तोकिएका विभिन्न सेवा समूह सम्वन्धी पदहरूको कर्मचारी प्रशासन सम्वन्धी कार्य गर्नुको साथै मन्त्रालयको सामान्य प्रशासन सम्वन्धी कार्य समेत गर्दछ।

## २.३.१.३ सरकारी उद्योग तथा संस्थान शाखा

यस शाखाले सरकारी स्तरमा संचालित उद्योग, समिति, संस्थान र प्रतिष्ठान सम्वन्धी बिषयहरूको नीति नियम तर्जुमा गर्नुको साथै तत्सम्वन्धी कार्यको परिपत्र, निर्देशन जारी गरी ती निकायहरूका अध्यक्ष, महाप्रवन्धक र संचालकहरूको नियुक्ति प्रक्रिया अगाडि बढाउने कार्य गर्दछ। साथै यस शाखाले ती निकायहरूको सञ्चालनमा सहजीकरणको भूमिका समेत निर्वाह गर्दछ। यस शाखा मार्फत सहजिकरण र समन्वय हुने संस्थान, समिति, वोर्ड, प्रतिष्ठानहरू यस प्रकार छन्।

१) उदयपुर सिमेन्ट उद्योग लिमिटेड,

२) औद्योगिक व्यवसाय विकास प्रतिष्ठान,

३) औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड,

४) गोरखकाली रबर उद्योग लिमिटेड,

५) घरेलु तथा साना उद्योग विकास समिति,

६) जनकपुर चुरोट कारखाना लिमिटेड,

७) नेपाल ओरिएण्ट म्याग्नेसाईट प्राईभेट लिमिटेड,

८) नेपाल औद्योगिक विकास निगम (वित्तिय संस्था),

९) नेपाल औषधि लिमिटेड,

१०) नेपाल मेटल कम्पनी लिमिटेड,

११) बिराटनगर जुट मिल्स लिमिटेड,

१२) बुटवल धागो कारखाना लिमिटेड,

१३) राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड

१४) हेटौडा सिमेन्ट उद्योग लिमिटेड।

## २.३.२ योजना तथा नीति विश्लेषण महाशाखा

उद्योग क्षेत्रको विकासका लागि उद्योग मन्त्रालय र अन्तर्गतका निकायहरूको वार्षिक कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, उद्योग व्यवसायसँग सम्वन्धीत सूचना संकलन तथा संप्रेषण सम्वन्धी कार्य, उत्पादकत्व, औद्योगिक व्यवसाय विकास र सो को अध्ययन अनुसन्धानको अनुगमन सम्वन्धी कार्य, उत्पादकत्व अभिवृद्धि विषयक नीति तथा कार्यक्रम सम्वन्धी कार्यको लागि यस महाशाखाको स्थापना गरिएकोछ।

## २.३.२.१ योजना शाखा

योजनावद्ध विकासका सम्वन्धमा राष्ट्रिय योजना आयोगले प्रतिपादन गरेको सिद्धान्त, नीति, कार्यक्रम आदिको अभिलेख राख्ने, मन्त्रालयसँग सम्वन्धीत क्षेत्रगत विकास कार्यक्रमको आवधिक र वार्षिक कार्यक्रम तर्जुमा गरी पेश गर्न अन्तर्गतका विभाग, संस्थान, समिति तथा आयोजनाहरूलाई मार्गनिर्देशन दिने, मातहत निकायबाट वार्षिक योजना, कार्यक्रम एवं बजेटको पूर्वानुमान सम्वन्धी विवरण संकलन गरी मूल्यांकन एवं छानविन गर्ने, आवश्यकतानुसार गोष्ठी, छलफल गरी एकिकृत वार्षिक कार्यक्रम तयार गर्ने, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँग सम्पर्क र समन्वय गरी वार्षिक कार्यक्रम तयार गरी स्वीकृत गराउने, मातहतका निकायहरू बीच योजना तर्जुमा, कार्यक्रम निर्माण र सम्पादन बीच समन्वय गर्ने गराउने, आर्थिक प्रशासन शाखासँग समन्वय गरी वार्षिक कार्यक्रम एवं बजेटको बांडफांड गर्ने गराउने, मातहत निकायहरूबाट नियमित रुपमा मासिक, चौमासिक, वार्षिक र आश्यकता अनुसारका प्रगति विवरण प्राप्त गर्ने, लक्ष्य बमोजिम काम भए नभएको विश्लेषण, अनुगमन, अध्ययन गरी समीक्षा गर्न गराउन समीक्षा बैठक संचालन गरी सम्वन्धीत पदाधिकारीबाट हुने निर्देशनको कार्यान्वयन गर्ने गराउने, मन्त्रालय र अन्तर्गत निकायहरूबाट सम्पादित कार्यहरूको मासिक प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित रुपमा पठाउने जस्ता कार्यहरू यस शाखाले सम्पादन गर्दै आएकोछ।

## २.३.२.२ नीति विश्लेषण शाखा

उद्योग क्षेत्रसँग सम्वन्धीत नीतिगत विषय, सरकारको नीति तथा कार्यक्रम, वजेट बक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको समीक्षा, औद्योगिक नीति, बैदेशिक लगानी नीति, ऐन, गैह्र आवासीय नेपाली सम्बन्धी नीति, ऐन, स्वदेशी तथा विदेशी लगानी सम्वन्धी उद्योगहरूको आवश्यक तथ्यांक संकलन गरी भण्डारण, निर्यातयोग्य वस्तुहरूको तथ्यांक संकलन, औद्योगिक वस्तुहरूको लागत संकलन तथा विश्लेषण अन्तर मन्त्रालय बीच सूचना तथा तथ्यांक आदान प्रदान र समन्वयको कार्य, यस मन्त्रालय सम्बन्धी नीतिगत तथा आवश्यक अन्य छलफलका लागि समय समयमा अनुरोध भै आए बमोजिमका नीतिगत विश्लेषण सम्बन्धी कार्य, मन्त्रालयसँग सम्वन्धीत क्षेत्रगत विकास नीति तथा कार्यक्रम, बजेट बक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको कार्यान्वयन सुनिश्चित गर्न मासिक रुपमा प्रगति समीक्षा बैठक गरी सो को विवरण अर्थ मन्त्रालयमा पठाउने, यस मन्त्रालय र अन्तर्गत निकायहरूको भ्रष्टाचार विरुद्धको नीति तथा रणनीति सम्वन्धी योजना र वार्षिक कार्यक्रम बीचमा कायम राख्नुपर्ने तालमेल एवं उद्योग क्षेत्रका नीतिहरूसँग कार्यक्रमहरूको सामञ्जस्यता, गुणस्तर व्यवस्थापन सम्वन्धी नीति तर्जुमामा सहयोग पुऱ्याउने, औद्योगिक उत्पादकत्वसँग सम्वन्धीत राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाहरू जस्तै विश्व विद्यालय, व्यवसायिक तथा प्राविधिक प्रतिष्ठान, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ, एवं अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरू आदिसँग सम्पर्क कायम गरी उपयुक्त क्रियाकलाप गर्ने गराउने कार्य यस शाखाबाट सम्पादन गरिनेछन्।

## २.३.३ औद्योगिक प्रबर्द्धन महाशाखा

उद्योग क्षेत्रको विकासका लागि औद्योगिक प्रबर्द्धन तथा औद्योगिक सम्पति व्यवस्थापन गरी उद्योग क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न यस महाशाखाको स्थापना गरिएको छ। औद्योगीकरणमा निजी क्षेत्रको विकास समन्वयात्मक रुपबाट गर्न समयानुकूल नीतिगत एवं प्रशासनिक कार्यहरू सम्पादन गर्ने, औद्योगिक प्रवर्द्धनको लागि निजीक्षेत्रलाई प्राथमिकता दिने सन्दर्भमा अपनाउनु पर्ने नीति, नियम वा कानून तर्जुमाका सम्बन्धमा

सम्बन्धीत निकायहरूसँग समन्वय गरी कार्य सम्पादन गर्ने, औद्योगिक व्यवसाय ऐन, २०४९ वा नेपाल सरकारको नीति तथा नियमहरूको कार्यान्वयनमा देखापरेका व्यवधानहरू हटाउन आवश्यक कारवाही गर्ने र औद्योगिक प्रवर्द्धन सम्बन्धी कार्य गर्ने, वौद्धिक सम्पतिको प्रशासन सम्वन्धमा नीतिगत व्यवस्था गर्ने, सम्वन्धीत निकायहरूसँग समन्वय गर्ने, औद्योगिक सम्पतिको संरक्षण र प्रशासन गर्न मौजुदा कानुनमा पुनरावलोकन गर्ने, वौद्धिक सम्पति सम्वन्धी चेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता कार्यहरू यस महाशाखाले सम्पादन गर्दै आएको छ।

## २.३.३.१ विदेशी लगानी शाखा

विदेशी लगानीकर्ताहरूलाई नेपालमा लगानीका अवसरहरूका बारेमा जानकारी गराउन नेपाल सरकारको मौजुदा औद्योगिक नीति, वैदेशिक लगानी नीति तथा अन्य सम्बद्ध ऐनहरू समाबेश गरी प्रवर्द्धनात्मक सामग्रीहरू प्रकाशित गर्ने, नेपालमा लगानी गर्न चाहने लगानीकर्ताहरूले माग गरेका जानकारीहरू उपलब्ध गराउने, नेपाललाई तुलनात्मक लाभ पुग्ने क्षेत्रहरूमा विदेशी लगानी आकर्षण र प्रवर्द्धन गर्न उपयुक्त परियोजनाहरूको पूर्व संभाव्यता अध्ययन गराउने, नेपालमा लगानी आउन सक्ने संभाव्य देशहरूसँग लगानी प्रवर्द्धन र संरक्षण एवं सम्झौता गर्न आवश्यक तयारी गर्ने, बिदेश स्थित नेपाली कूटनैतिक नियोगहरूलाई लगानी प्रवर्द्धनसँग सम्बन्धीत नेपाल सरकारको नीति एवम् ऐनहरू उपलब्ध गराउने र लगानी प्रवर्द्धनको क्रममा माग भई आएका जानकारीहरू उपलब्ध गराउने, स्वदेशी एवम् विदेशी लगानीकर्ता बीच प्रत्यक्ष लगानी सम्पर्क गराउन लगानी प्रवर्द्धन मिसनहरू पठाउने र समय समयमा नेपालमा अन्तर्राष्ट्रिय लगानी मञ्चको आयोजना गर्ने, नेपालमा बिदेशी लगानीमा सञ्चालित परियोजनाहरूको समय समयमा अनुगमन गरी लगानीकर्ताहरूलाई परेका समस्याहरू समाधान गर्न उपयुक्त कारवाही गर्ने, नेपालको औद्योगिक बातावरणलाई लगानी मैत्री बनाउन मौजुदा सरकारी नीति एवं नियममा समयानुकूल पुनराबलोकन गराइ उपयुक्त सुधारका लागि सुझाब प्रस्तुत गर्ने, UNCTAD, UNIDO, IPS Offices वैदेशिक औद्योगिक तथा वाणिज्य संघहरू मार्फत नेपालमा विद्यमान लगानीका अवसर एवं लगानीका लागि छनौट गरिएका परियोजना प्रस्तावहरूको प्रचार प्रसार गराई बिदेशी लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न आउन आमन्त्रित गर्ने लगायतका कार्यहरू सम्पादन गर्ने गर्दछ।

## २.३.३.२ औद्योगिक प्रवर्द्धन तथा औद्योगिक सम्पति व्यवस्थापन शाखा

देशको औद्योगिकरणमा सरकारी र निजी क्षेत्रको समन्वयात्मक भूमिका अभिबृद्धि गर्न समयानुकूल नीतिगत एवं प्रशासनिक कार्यहरू सम्पादन गर्ने, औद्योगिक प्रवर्द्धनको लागि निजीक्षेत्रलाई प्राथमिकता दिने सन्दर्भमा अपनाउनु पर्ने नीति, नियम तथा कानून तर्जुमाका सम्बन्धमा सम्बन्धीत निकायहरूसँग समन्वय गरी कानून शाखा समेतको संलग्नतामा कार्य सम्पादन गर्ने, औद्योगिक व्यवसाय ऐन एवं नेपाल सरकारको नीति तथा नियमहरूको कार्यान्वयनमा देखापरेका व्यवधानहरू हटाउन आवश्यक कारवाही गर्ने र औद्योगिक प्रवर्द्धन सम्बन्धमा मन्त्रालय अन्तर्गतका बिभागहरूलाई सहयोग र समन्वय गर्ने, औद्योगिक प्रवर्द्धनको लागि आवश्यक सुविधा, सहुलियत, संरक्षण तथा बातावरण व्यवस्थाको लागि नीतिहरू तर्जुमा, पुनराबलोकन तथा मूल्याङ्कन गर्ने, निजी क्षेत्रलाई प्रोत्साहन वा प्राथमिकता दिने कार्यक्रम वा परियोजना सञ्चालन सम्बन्धी कार्यहरू गर्ने, निजी क्षेत्रका उद्योगहरूको बिकासको निमित्त निजी क्षेत्रका संघ संस्थाहरूसँग मिलेर आवश्यक रणनीति तय गर्ने कार्यहरूका अतिरिक्त यस्ता उद्योगहरूमा देखा परेका समस्याहरू निराकरण गर्न अन्तर-मन्त्रालय

समन्वयका साथै आवश्यक सहयोग गर्ने, रुग्ण उद्योगको पुनर्स्थापना गर्ने नीति तर्जुमा गरी कार्यन्वयनको व्यवस्था गर्ने, घरेलु उद्योगको प्रवर्द्धन, प्रोत्साहन र बिस्तारको लागि सञ्चालित कार्यक्रमहरू सुपरिबेक्षण र अनुगमन गरी कार्यक्रमहरूमा समन्वय कायम गर्ने, आर्थिक ऐन र सम्बन्धीत अन्य ऐनबाट उद्योग विकासमा परेका प्रभावहरू अध्ययन गरी सुझावहरू प्रस्तुत गर्ने र उद्योगले प्रयोग गर्ने मेशिनरी एवम् कच्चा पदार्थहरूमा लाग्ने कर तथा भंसार महसुल सम्बन्धमा परामर्श दिने, वौद्धिक सम्पतिको प्रशासन सम्वन्धमा नीतिगत र संरचनागत व्यवस्था गर्ने, सम्वन्धीत निकायहरूसँग समन्वय गर्ने, औद्योगिक सम्पतिको संरक्षण र प्रशासन गर्न मौजुदा कानुनमा पुनरावलोकन गर्ने, वौद्धिक सम्पति सम्वन्धी चेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता कार्यहरू यस शाखा अन्तर्गत पर्दछन्।

## २.३.४ प्रविधि महाशाखा

राष्ट्रिय वातावरणीय नीतिलाई सक्षमताकासाथ व्यवस्थित गरी तत्सम्बन्धी नीति एवं ऐन नियम कार्यान्वयनका सन्दर्भमा अन्तर्गतका निकायहरू तथा औद्योगिक प्रतिष्ठानहरूलाई वातावरणीय मैत्री उत्पादन कार्य अवलम्वन गर्न लगाई औद्योगीकरणको कारणबाट निस्कने फोहर, मैला, धुवाँ, वायु, तथा ध्वनी प्रदुषण आदिबाट वातावरणमा पर्ने नकारात्मक असर न्यूनिकरण व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्दै देशमा दिगो औद्योगिक विकासको लागि देशको औद्योगिक उत्पादनमा वृद्धि गराउने, देश भित्र स्थापना भएका वा हुने निजी तथा सरकारी घरेलु, साना, मझौला तथा ठूला उद्योग व्यवसायमा विश्वमा प्रतिपादन भएका नयाँ तथा पुराना प्रविधिहरूका साथै देश भित्रै अध्ययन अनुसन्धान भै पहिचान गरिएका विभिन्न प्रकारका प्रविधिहरूको जानकारी तथा प्रचार प्रसार गर्ने गराउने, विश्वको बढ्दो उदारीकरण तथा विश्वव्यापीकरणको मूल प्रवाहमा स्वदेशका उद्योग व्यवसायबाट उत्पादन हुने विभिन्न वस्तु र सेवाहरूलाई प्रतिस्पर्धात्मक बजारमा सफल तुल्याउनका निम्ति आधुनिक प्रविधिको खोजी गरी सम्बन्धीत क्षेत्रमा सूचना प्रवाह गर्ने कार्य यस महाशाखाले गर्दै आएकोछ। अत्याधुनिक प्रविधि सहितको सूचना केन्द्रको विकास सम्बन्धी कार्य समेत भैरहेकोछ।

### २.३.४.१ वातावरण शाखा

औद्योगिक तथा शहरीकरणको कारणबाट निस्कने फोहर, मैला, धुवाँ, वायु, तथा ध्वनी प्रदुषण आदिबाट वातावरणमा पर्ने नकारात्मक असरलाई रोकथाम, नियन्त्रण तथा न्यूनीकरण गरी वातावरणीय व्यवस्थापन कार्यद्वारा देशमा दिगो औद्योगिक विकासको लागि राष्ट्रिय वातावरणीय नीतिलाई सक्षमताकासाथ व्यवस्थित गरी तत्सम्बन्धी नीति एवं ऐन नियम कार्यान्वयनमा मन्त्रालय र अन्तर्गतका निकायहरू तथा औद्योगिक प्रतिष्ठानहरूलाई वातावरण मैत्री उत्पादन पद्धति अवलम्वन गर्न लगाई देशको आर्थिक स्तरमा वृद्धि गराउन तत्सम्वन्धी कार्यहरू यस शाखाबाट सम्पादन गर्ने गरिन्छ।

### २.३.४.२ प्रविधि हस्तान्तरण शाखा

देश भित्र स्थापना भएका वा हुने निजी तथा सरकारी घरेलु, साना, मझौला तथा ठूला उद्योग एवं व्यवसायमा विश्वमा प्रतिपादन भएका नयाँ तथा पुराना प्रविधिहरूका साथै देश भित्रै अध्ययन अनुसन्धान भै पहिचान

गरिएका विभिन्न प्रकारका प्रविधिहरूको जानकारी तथा प्रचार प्रशार गर्ने गराउने, सम्बन्धीत क्षेत्रमा वितरण गरी औद्योगिक व्यवसाय उत्पादनका क्षेत्रमा सघाउ पुऱ्याउने, विश्वको बढ्दो उदारीकरण तथा विश्वव्यापीकरणको मूल प्रवाहमा स्वदेशका उद्योग व्यवसायबाट उत्पादन हुने विभिन्न वस्तु र सेवाहरूलाई प्रतिस्पर्धात्मक बजारमा सफल तुल्याउनका निम्ति आधुनिक प्रविधिको खोजी गरी सम्बन्धीत क्षेत्रमा सूचना प्रवाह गर्ने कार्य यस शाखाले गर्दै आएकोछ।

### २.३.५ कानून शाखा

यस शाखाले कानूनी रायको लागि लेखी आएको विषयमा राय प्रदान गर्ने, नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्ने सूचनाहरू तर्जुमा तथा परिमार्जन गरी सम्पादन गर्न कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयमा लेखी उक्त मन्त्रालयबाट सम्पादन भै आएपछि मुद्रणका लागि मुद्रण विभागमा लेखी पठाउने, उद्योग मन्त्रालयलाई विपक्षी वनाई दायर गरिएका मुद्दा मामिलामा मन्त्रालयका तर्फबाट तयार गर्नु पर्ने लिखित जवाफ र प्रतिउत्तर तयार गरी सम्बन्धीत सरकारी वकिल र महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्बन्धीत अदालतमा दर्ताको लागि लेखी पठाउने, उद्योग मन्त्रालय सम्बन्धी विधेयक, नियम, आदेश आदिको प्रारम्भिक मस्यौदा तयार एवं परिमार्जन गरी आवश्यक कारवाही गर्ने, अन्तर्राष्ट्रिय सन्धि सम्झौता सम्बन्धमा राय परामर्श प्रदान गर्ने, अदालतबाट मन्त्रालयलाई दिइएको निर्देशात्मक आदेश कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग गर्ने जस्ता कार्यहरू सम्पादन गर्ने गरि आएको छ।

## २.४ मन्त्रालयको कार्य क्षेत्रसँग सम्बन्धीत विभाग, समिति/आयोजना/ परियोजना र संस्थानहरु

### विभागहरू

- उद्योग विभाग,
- खानी तथा भूगर्भ विभाग,
- घरेलु तथा साना उद्योग विभाग,
- नेपाल, गुणस्तर तथा नापतौल विभाग,
- कम्पनी रजिष्ट्रारको कार्यालय (विभाग स्तरीय)।

### विकास आयोजना तथा परियोजनाहरू

#### क) पहिलो प्राथमिकता (P1) प्राप्त आयोजनाहरु

- घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र
- घरेलु तथा साना उद्योग विकास कार्यक्रम (२७ जिल्ला)

- घरेलु तथा साना उद्योग विकास कार्यक्रम (समिति)
- घरेलु तथा साना उद्योग विकास कार्यक्रम (४८ जिल्ला)
- लघु उद्यम विकास कार्यक्रम

## ख) दोस्रो प्राथमिकता (P2) प्राप्त आयोजनाहरु

- वातावरणीय क्षेत्र सहयोग कार्यक्रम (उर्जा कार्यक्रम समेत),
- पेट्रोलियम अन्वेषण परियोजना,
- खनिज अन्वेषण तथा विकास आयोजना
- भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान आयोजना,
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठान।
- औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत)
- औद्योगिक लगानी प्रबर्द्धन कार्यक्रम

## संस्थानहरू

- उदयपुर सिमेन्ट उद्योग लिमिटेड,
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठान,
- औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड,
- गोरखकाली रबर उद्योग लिमिटेड,
- जनकपुर चुरोट कारखाना लिमिटेड,
- नेपाल ओरिएण्ट म्याग्नेसाईट प्राईभेट लिमिटेड,
- नेपाल औद्योगिक विकास निगम लिमिटेड,
- नेपाल औषधि लिमिटेड,
- नेपाल मेटल कम्पनी लिमिटेड,
- बिराटनगर जुट मिल्स लिमिटेड,
- बुटवल धागो कारखाना लिमिटेड,
- राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड,
- हेटौंडा सिमेन्ट उद्योग लिमिटेड।

# ३. उद्योग विभाग

नेपाल सरकारबाट देशमा औद्योगिक विकसका लागि जारी गरिएका नीति, ऐन तथा नियमहरूको कार्यान्वयन गर्ने, मझौला एवं ठूला उद्योगहरूको अनुमति, दर्ता, नविकरण तथा अनुगमन गर्ने, विदेशी लगानीमा दर्ता हुने उद्योगहरूलाई अनुमति प्रदान गर्ने, औद्योगिक संपत्ति सम्बन्धी प्रशासन तथा उद्योगहरूले कानून बमोजिम प्राप्त गर्ने सबिधा सम्वन्धी सिफारिशलाई सहज बनाउने उद्धेश्यले उद्योग विभागको स्थापना गरिएको छ।

## ३.१ प्रमुख उद्धेश्य तथा कार्यहरु

स्वदेशी तथा विदेशी लगानीको माध्यमबाट औद्योगिक उत्पादन बृद्धि गरी रोजगारीको अवसर सृजना गर्ने, औद्योगिक विकासका लागि स्वदेशी एवं विदेशी लगानी प्रवर्द्धन गर्ने, औद्योगिक एवं विदेशी लगानी नीति र कानूनको तर्जुमा गर्न सघाउ पऱ्याउने, तीन करोड रुपैया भन्दा बढी स्थिर पूँजी लगानी भएका मझौला र दश करोड रुपैया भन्दा बढी स्थिर पूँजी लगानी भएका ठूला उद्योगहरू दर्ता गर्ने, अनुमति लिनुपर्ने उद्योगको अनुमति प्रदान गर्ने, विदेशी लगानी एवं प्रविधि हस्तान्तरण तथा विदेशी ऋणको स्वीकृति प्रदान गर्ने, विदेशी लगानी कर्ताहरूलाई प्रवेशाज्ञा (Visa) को लागि सिफारिश गर्ने, औद्योगिक सुविधा तथा सहूलियत सिफारिश गर्ने, औद्योगिक सम्पत्तिको संरक्षण र प्रवर्द्धन तथा प्रशासनिक कार्य गर्ने, मझौला र ठूला उद्योगहरूको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतीव्रेदन स्वीकृत गर्ने, त्यस्ता उद्योगहरूको कच्चा पदार्थ खपतको Norms तयार गर्ने, आवश्यकतानुसार ती उद्योगहरूको वातावरणीय पक्ष लगायत विषयहरूको अनुगमन गर्ने, भारत निकासी हुने औद्योगिक बस्तुहरूको उत्पत्तिको प्रमाणपत्र जारी गर्न सहयोग गर्ने, औद्योगिक प्रवर्द्धन बोर्ड र एकद्वार समितिको सचिवालयको कार्य गर्ने जस्ता कार्यहरू विभागले सम्पादन गर्दै आएको छ।

## ३.२ कार्य निर्दिष्ट गर्ने सरकारी नीति, ऐन तथा नियमहरु

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४,

साझेदारी फर्म रजिष्ट्रेशन ऐन, २०२०,

पेटेन्ट, डिजाईन र ट्रेडमार्क ऐन, २०२२,

प्राईभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४,

औद्योगिक नीति, २०४९,

बिदेशी लगानी तथा एकद्वार नीति, २०४९,

औद्योगिक व्यवसाय ऐन, २०४९,

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९,

वातावरण संरक्षण ऐन, २०५३,

वातावरण संरक्षण नियमावली २०५४।

## ३.३ मझौला र ठूला उद्योग दर्ता स्थिति

औद्योगिक व्यवसाय ऐन २०४९ अनुसार रु. तीन करोड भन्दा बढी रु. दश करोड भन्दा कम स्थिर पूँजी लगानी तथा जतिसुकै चालु पूँजी कायम हुने मझौला उद्योग र रु दश करोड भन्दा माथि जतिसुकै चालु पूँजी कायम हुने ठूला उद्योगहरू उद्योग विभागमा दर्ता गर्नु पर्ने प्रावधान रहेको छ। सो अनुसार स्थिर पूँजी लगानी र उद्योगको वर्ग (Category) को आधारमा शुरु देखि आर्थिक वर्ष २०६५।६६ को प्रथम ९ महिनासम्म दर्ता भएका कूल उद्योग संख्या, उद्योगको कूल लागत, कूल स्थिर पूँजि र उद्योगको रोजगारी संख्या समेतको तथ्यांक विवरण देहायमा प्रस्तुत गरिएको छ।

### ३.३.१ मझौला तथा ठूला उद्योगको स्तर र वर्गिकरण अनुसार दर्ता स्थिति

शुरुदेखि गत आर्थिक वर्ष २०६५/६६ को प्रथम ९ महिनासम्म दर्ता भएका मझौला र ठूला उद्योगहरूको वर्गिकरण अनुसार दर्ता, पूंजी लगानी र रोजगारी सम्बन्धी विवरण यस प्रकार रहेको छ।

| उद्योगको वर्ग | उद्योगको स्तर | उद्योगको संख्या | कूल पूंजी रू. दश लाखामा | कूल स्थिर पूंजी रू. दश लाखामा | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| कृषि | ठुला | १६ | ३६६९.७३ | ३८४८.६६ | २६१९ |
| | मझौला | ७५ | ४८८६.२१ | ४०९४.३६ | १६८४६ |
| | साना | ८७ | २०८९.३८ | १०९७.०१ | ६०७२ |
| | कूल | १७८ | १०६४५.३३ | ९०४०.०४ | २५५३७ |
| निर्माण | ठुला | ४ | २४०९.२७ | २३७८.७७ | ३०७ |
| | मझौला | ९ | ४७२.३० | ३७४.७० | ५४७ |
| | साना | २० | ३५२.४६ | २२८.६७ | १२२५ |
| | कूल | ३३ | ३२३४.०३ | २९८२.१४ | २०७९ |
| उर्जा | ठुला | ३३ | ३४५०३।०२ | ३३६९२.३३ | ६८४९ |
| | मझौला | ११ | १९८४.७० | ६४५.८५ | ११३६ |
| | साना | २ | ४७०.०० | २७.७१ | २१३ |
| | कूल | ४६ | ३६९५७.७१ | ३४३६५.८९ | ८१९८ |
| उत्पादन | ठुला | १६१ | ७५५२६.३० | ६०७३१.८३ | ३९५१७ |
| | मझौला | ४५९ | ३८०७७.१२ | २३६२१.२८ | ५०६६३ |
| | साना | १३५७ | २०००३.८३ | ९७१७.२० | १४८००६ |
| | कूल | १९७७ | १३३६०७.२५ | ९४०७०.३१ | २३८१८६ |

| उद्योगको वर्ग | उद्योगको स्तर | उद्योगको संख्या | कूल पूंजी रू. दश लाखामा | कूल स्थिर पूंजी रू. दश लाखामा | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| खानी | ठुला | ३ | २४८०.०० | २२७३.५० | ४८९ |
| | मझौला | ५ | २२८.३७ | २०३.५४ | ५५९ |
| | साना | १९ | १८३.७९ | १५२.६५ | १९६९ |
| | कूल | २७ | २८९२.१६ | २६२९.६९ | ३०१७ |
| सेवा | ठुला | ७२ | ३०६०७.१३ | २७४६५.७६ | १२७७५ |
| | मझौला | २९९ | २१३०१.२० | १४१८१.५१ | ३२२२२ |
| | साना | ६६५ | ९३८५.५८ | ६३०२.९५ | ३००२९ |
| | कूल | १०३६ | ६१२९३.९१ | ४७९५०.२२ | ७५०२६ |
| पर्यटन | ठुला | ५९ | १९८२९.२२ | १८००२.५९ | ६८५७ |
| | मझौला | १३० | ७५६७.२४ | ६७६१.२३ | ७९४८ |
| | साना | ४७२ | ५१०४.९६ | ३८०७.११ | १३८८३ |
| | कूल | ६६१ | ३२५०१.४१ | २८५७०.९३ | २८६८८ |
| कूल जम्मा | | ३९५८ | २८११३१.८१ | २१९६०९.२२ | ३८०७३१ |

*द्रष्टव्यः साना उद्योगहरूको संख्या विदेशी लगानी भएका उद्योगहरू मात्र समावेश भएको छ। तथ्यांकको स्रोतः उद्योग विभाग*

## ३.३.२ जिल्लागत आधारमा मझौला तथा ठूला उद्योग दर्ता स्थिति

शुरु देखि आर्थिक वर्ष २०६५/६६ को प्रथम ९ महिनासम्म दर्ता भएका मझौला र ठूला उद्योगहरूको जिल्लागत विवरण यस प्रकार रहेको छ।

(रु. दश लाखमा)

| सि.नं. | जिल्ला | उद्योग संख्या | कूल पूँजी लगानी | कूल स्थिर लगानी | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| १ | अन्य (Undefined) | १ | ५ | ४.५ | २२ |
| २ | अछाम | ३ | २१.५७ | १९.३ | ९० |
| ३ | अर्घाखाची | १ | १८.४६ | १३.१४ | ५० |
| ४ | बाग्लुङ्ग | २ | ४४९.४८ | ४३६.४८ | ११९ |
| ५ | बैतडी | २ | २० | १६.८ | २०२ |
| ६ | बाँके | ४९ | ५०५९.२४ | ३८७०.५ | ३६५७ |
| ७ | बारा | १५७ | २३८६७.९२ | १५१६१.३ | १७८०७ |
| ८ | बर्दिया | ९ | २२०.२७ | २०४.८२ | २९४ |
| ९ | भक्तपुर | ११७ | ५०९२.४१ | ३८०२.३५ | १२३१८ |
| १० | भेरी अञ्चल | १ | १४.८८ | १४.५५ | २० |
| ११ | भोजपुर | ३ | ४७.२३ | २६.७३ | १६६ |
| १२ | चितवन | १०५ | ८८९२.४ | ६११७.५८ | ६८५४ |

| सि.नं. | जिल्ला | उद्योग संख्या | कूल पूँजी लगानी | कूल स्थिर लगानी | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| १३ | डडेलधुरा | १ | ८६.६९ | ८३.२२ | ३० |
| १४ | दाङ्ग | १८ | ५४२०.४१ | ५००८.५२ | २७५० |
| १५ | दाङ्ग, सल्यान | १ | ६२०० | ६००० | २७३ |
| १६ | धादिङ्ग | २९ | ७८८९.९५ | ७३७९.५२ | २२८० |
| १७ | धनकुटा | १५ | २१३०.४५ | १८१२.६२ | २६२७ |
| १८ | धनुषा | २३ | २४२०.२९ | २१०७.९८ | २१७५ |
| १९ | दोलखा | ५ | ४६१२.८ | ४६०८.६७ | २३३२ |
| २० | डोल्पा | १ | ४.७२ | ३.९१ | २१ |
| २१ | डोल्टी | १ | १० | ७.२ | ३३ |
| २२ | गोर्खा | १२ | १२७३.०७ | १२३३.३६ | ६७० |
| २३ | गुल्मी | ३ | ७२१.४ | ६६८ | ९० |
| २४ | हुम्ला | २ | ६ | ४.९ | ४३ |
| २५ | ईलाम | १९ | १०८७.४२ | ८५८.०९ | ५०१५ |
| २६ | झापा | ७१ | ४७७६.३८ | ४२१८.६३ | १३०७५ |
| २७ | कैलाली | २१ | २५५४.६८ | १३६०.०८ | २२९८ |
| २८ | कन्चनपुर | १८ | १०१४.७७ | ७७८.६९ | २४१० |
| २९ | कपिलवस्तु | १८ | ३२२५.२२ | २७८२.१५ | २५६३ |
| ३० | कास्की | १६० | १७८२९.६५ | १५४९१.८ | १००४७ |
| ३१ | कास्की, रुपन्देही | १ | २३८ | २२१ | ३६ |
| ३२ | काठमाडौं | १८८५ | ६६७०६.८ | ५०१२०.१ | १७४२४९ |
| ३३ | काभ्रे | ९९ | ४५७१.७९ | ३५५९.१३ | ९१४२ |
| ३४ | खोटाङ्ग | १ | ३० | १०.७५ | १३ |
| ३५ | ललितपुर | ३३३ | १४९८९.८१ | ११३९२.१ | २४३९५ |
| ३६ | लमजुङ्ग | ७ | १६३१.०३ | १०९९.७७ | ६१४ |
| ३७ | महोत्तरी | २ | ६५५.६ | ६४२.५७ | ४५८ |
| ३८ | मकवानपुर | ६५ | ७४०६.७१ | ५८१५.९२ | ६९९७ |
| ३९ | मोरङ्ग | १६९ | ११५७२.८ | ७९७८.७७ | १४५६३ |
| ४० | मुस्ताङ्ग | १ | १५५.८५ | १४१.८९ | ८१ |
| ४१ | नवलपरासी | ६५ | ८३३५.९२ | ६२७९.६९ | ६७६० |
| ४२ | नुवाकोट | १५ | ४७०.१५ | ४०९.७३ | ८१३ |
| ४३ | पाल्पा | २ | ४३.२१ | ३३.४८ | ३० |
| ४४ | पाँचथर | ५ | ८१२.७७ | ७८०.५८ | २२३५ |
| ४५ | पाँचथर | १ | ५१.९ | ३७.१ | ३२७ |
| ४६ | पर्सा | ११७ | ९३५२.३१ | ५४२०.५१ | १०६४९ |
| ४७ | रामेछाप | २ | ५४२.७५ | २६२.३ | १७० |

| सि.नं. | जिल्ला | उद्योग संख्या | कूल पूँजी लगानी | कूल स्थिर लगानी | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| ४८ | रसुवा | ६ | ४६४०.६४ | ४४५५.७६ | १६३३ |
| ४९ | रौतहट | ४ | ६२.२३ | ४६.८ | १०९ |
| ५० | रोल्पा | ३ | १०२२.७९ | ९७१.८६ | ४०६६ |
| ५१ | रुपन्देही | १२८ | १४००६.६७ | १०३९८.९ | १३८३२ |
| ५२ | संखुवासभा | ५ | ९७६.८ | ८८३.११ | ११३५ |
| ५३ | सप्तरी | ९ | ५७६.६३ | ४७३.८८ | ९६२ |
| ५४ | सर्लाही | ११ | १०४०.२७ | ८१७.८२ | १०४८ |
| ५५ | सिन्धुली | १ | ९ | ७.७ | १०५ |
| ५६ | सिन्धुपाल्चोक | १९ | ९२४९.९४ | ९०१३.८१ | १५३३ |
| ५७ | सिरहा | ७ | १०३२.३७ | ८४३.११ | ६०० |
| ५८ | सोलुखुम्बु | २१ | ४२२८.७६ | ४१०३.९३ | १३९९ |
| ५९ | सुनसरी | ८६ | ७०४४.९९ | ५१३०.३९ | १०७९७ |
| ६० | सुर्खेत | ३ | १४५.५ | १५.६ | ९५ |
| ६१ | स्याङ्गजा | ३ | ३०.९१ | ३४.६३ | ४५९ |
| ६२ | तनहु | ५ | १९४.५ | १५८.५१ | ४३० |
| ६३ | ताप्लेजुङ्ग | ३ | २९४.२८ | २८५.१९ | १२५ |
| ६४ | तेह्रथुम | २ | १८१.७ | १७०.८५ | ७६ |
| ६५ | उदयपुर | ४ | ३८५३.७१ | ३४९६.६ | ४६४ |
| जम्मा | | ३९५८ | २८११३१.८५ | २१९६०९ | ३८०७३१ |

*स्रोतः उद्योग विभागबाट प्रकाशित* "Industrial Statistis Fiscal Year 2065/66"

## ३.३.३ आर्थिक वर्ष अनुसार मझौला तथा ठूला उद्योगको दर्ता स्थिति

शुरु देखि आर्थिक वर्ष २०६५/६६ को प्रथम ९ महिनासम्म दर्ता भएका मझौला र ठूला उद्योगहरूको विवरण यस प्रकार रहेको छ।

| आर्थिक वर्ष | उद्योग संख्या | कूल पूंजी रू. दश लाखामा | कूल स्थिर पूंजी रू. दश लाखामा | रोजगारी संख्या |
|---|---|---|---|---|
| २०४६/४७ सम्म | ४४ | ४२००.१९ | ३५६४.३६ | ९८२१ |
| २०४७/४८ | १३६ | १६८१.२९ | ११११.७४ | ५७९८ |
| २०४८/४९ | ४३७ | ७५१०.५४ | ४६७६.८९ | ३८०८५ |
| २०४९/५० | ६०६ | १०५४१.९७ | ६६६७.४४ | ८९३५१ |
| २०५०/५१ | १४७ | १८३४७.६७ | १६४८३.५९ | २०९३७ |
| २०५१/५२ | २१३ | १७५४३.३१ | १२८९२.७३ | २१३३९ |
| २०५२/५३ | ३७४ | २००२२.२७ | १६७३३.०४ | ३४५७१ |
| २०५३/५४ | २४२ | १४०६२.४६ | ११०२७.४३ | २३९७० |

| आर्थिक वर्ष | उद्योग संख्या | कूल पूंजी रू. दश लाखामा | कूल स्थिर पूंजी रू. दश लाखामा | रोजगारी संख्या |
|---|---|---|---|---|
| २०५४/५५ | ११२ | १०५३१.६८ | ८६८९.८३ | १०१३६ |
| २०५५/५६ | ११० | १२५४६.५० | ९४१६.०२ | ८८८२ |
| २०५६/५७ | १५८ | २५९५८.३६ | २१४०८.९० | १५२९० |
| २०५७/५८ | १४५ | १०७६६.६१ | ८०६४.४६ | ९१६५ |
| २०५८/५९ | १३९ | २२६६१.६४ | १८७४७.४८ | ११४१ |
| २०५९/६० | १०९ | १३२०३.४६ | ८६६६.०२ | १२८७७ |
| २०६०/६१ | १४७ | १३२९०.४१ | १०२९२.४३ | ११६८७ |
| २०६१/६२ | १०७ | १८००३.१३ | १३७५८.७६ | ८४९० |
| २०६२/६३ | १२० | ९५२७.८५ | ७१०५.८४ | १०३९८ |
| २०६३/६४ | १७७ | ८१२३.६८ | ५९७३.०२ | ९२३२ |
| २०६४/६५ | २२७ | २०१२६.३६ | १५५०९.५६ | १२८४४ |
| २०६४/६५ड | १५८ | १६३४४.४६ | १२८९५.४१ | ९३३६ |
| २०६५/६६ड | २०८ | २२५६२.४२ | १८९०९.६७ | १६५१४ |
| कुल जम्मा | ३९५८ | २८१११.८१ | २१९६०९.२२ | ३८०७३१ |

*: *आर्थिक वर्ष २०६४।६५ र २०६५।६६ को तथ्यांक प्रथम ९ महिनाको मात्र उल्लेख गरिएको छ  तथ्यांकको स्रोतः उद्योग विभाग*

## ३.३.४ विदेशी लगानी स्वीकृत भएका उद्योगहरुको स्थिति

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ बमोजिम विदेशी लगानी हुने उद्योगहरूको प्रस्ताव स्वीकृति, दर्ता तथा तत् सम्बन्धी प्रशासन उद्योग विभागले गर्ने गरी आएको छ। नेपालमा विदेशी लगानी सम्बन्धी नीति, ऐन लागु भए देखि गत आर्थिक वर्ष २०६५/६६ को प्रथम ९ महिनासम्ममा विदेशी लगानीको स्वीकृति पाएका साना, मझौला र ठूला उद्योगहरूको वर्गिकरण, उद्योगको संख्या, कूल पूंजी लगानी, विदेशी लगानी तथा रोजगारी संख्या यस प्रकार रहेको छ।

| उद्योगको वर्ग | उद्योगको संख्या | कूल पूंजी रू. दश लाखामा | कूल स्थिर पूंजी रू. दश लाखामा | विदेशी लगानी रू. दश लाखामा | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| कृषि | ३० | ११५२.३५ | ६६२.०९ | ४८०.९८ | १९६९ |
| निर्माण | ४० | ३४३५.३४ | २५४७.४० | २५९२.८१ | २८९० |
| उर्जा | ३५ | ३०५८०.१९ | २८७८३.८७ | ८५०९.७७ | ६८१४ |
| उत्पादन | ६१९ | ४४०९७.७९ | ३१४८६.३९ | १६६११.९७ | ७२३१८ |
| खानी | २७ | ४९४९.०२ | ४०३३.१५ | २७४२.७० | ४६१४ |
| सेवा | ४५५ | २३३८७.५३ | १९३३२.७२ | १०७३१.८५ | २४१५६ |
| पर्यटन | ४४२ | १७८७७.५७ | १६८५३.८२ | ६३३७.७३ | २११८८ |
| कूलजम्मा | १६४८ | १२५४७९.७९ | १०३६९९.४५ | ४८००७.८२ | १३३९४९ |

***स्रोतः उद्योग विभागबाट प्रकाशित*** *"Industrial Statistis Fiscal Year 2065/66"*

### ३.३.५ उद्योगको स्तरको आधारमा विदेशी लगानीको स्थिति

उद्योगको स्तरको आधारमा शुरुदेखि आ.व. ०६५/६६को प्रथम ९ महिनासम्मको विदेशी लगानी स्थिति देहाय बमोजिम रहेको छ।

| उद्योगको वर्ग | उद्योगको संख्या | कूल पूंजी रू. दश लाखामा | कूल स्थिर पूंजी रू. दश लाखामा | विदेशीलगानी पूंजी | रोजगारी संख्या |
|---|---|---|---|---|---|
| ठूला | १५७ | ९४४९९.०८ | ८३१७५.९२ | ३२४१५.९७ | ३८९९२ |
| मझौला | २१३ | १५६६२.३२ | १०८५९.१४ | ६४६१.७१ | २७७३७ |
| साना | १२७८ | १५३१८.३९ | ९६६४.३९ | ९१३०.१५ | ६७२२० |
| कूल जम्मा | १६४८ | १२५४७९.७९ | १०३६९९.३९ | ४८००७.१५ | १३३९४९ |

***स्रोतः उद्योग विभागबाट प्रकाशित** "Industrial Statistis Fiscal Year 2065/66"*

## ३.४ आ. व. ०६५/६६ को वजेट, खर्च, राजश्व असुली तथा वेरूजु स्थिति

यस विभागको वजेट उप शिर्षक नं. ३८-३-१२० र २८-४-१२० हो। गत आ.व. ०६४/६५ र ०६५/६६ मा देहाय बमोजिम वजेट विनियोजन, खर्च, राजश्व असुली र वेरुजु फछ्र्यौट भएको छ।

(रू. हजारमा)

| आर्थिक वर्ष | वजेट | खर्च | राजश्व | आषाढको वेरूजु | वेरूजु फछ्र्याट |
|---|---|---|---|---|---|
| २०६४।६५ | १६७०५ | १४९८५ | १२००८ | १२९८२ | १२६७४ |
| २०६५।६६ | १९५०५ | १७२८८ | १५२०९ | ८०५९७०।३९ | २५८४७१।७७ |

## ३.५ आ.व ०६५/६६ को भौतिक उपलब्धीको तुलनात्मक स्थिति

| सम्पादन भएको मुख्य मुख्य कार्यहरू | एकाई | आ.व. २०६४।६५ | आ.व. २०६५।६६ |
|---|---|---|---|
| उद्योग दर्ता | वटा | २३३ | ३०३ |
| कूल पूंजी लगानी | रू. दश लाखमा | ३२१२३ | २७६२४ |
| उद्योगलाई सुविधा उपलब्ध गराइएको सख्या | वटा | २५४ | ९८ |
| विदेशीलगानी स्वीकृत संख्या | वटा | २१४ | २३१ |
| विदेशीलगानी | रू. दश लाखमा | १९८३५ | ९४३९ |
| ट्रेडमार्क दर्ता | वटा | ९८७ | १०३४ |
| उद्योगको कच्चा पदार्थ खपत निर्धारण | वटा | ८७ | ५५ |
| आइ.इ.इं. स्वीकृति संख्या | वटा | ६९ | ४१ |

## ३.६ आ.व. ०६६/६७ को लागि विनियोजित वजेट

| २०६६।६७ को विनियोजित वजेट (रू. '०००') | | | श्रोत | | |
|---|---|---|---|---|---|
| जम्मा रकम | चालु खर्च | पूंजीगत तथा सांवा भुक्तानी खर्च | नेपाल सरकार | वैदेशिक | |
| | | | | अनुदान | ऋण |
| १७६८१ | १७१२१ | ५६० | १७६८१ | - | - |

उक्त पूंजीगत वजेटबाट विभागको भौतिक पूर्वाधार निर्माण, सवारी साधन, फर्निचर, कम्प्युटर सम्बन्धी खरिद कार्यहरू गर्ने र चालु खर्चबाट विभागले गर्नुपर्ने अन्य प्रशासनिक एवं कार्यालय संचालन सम्बन्धी आवश्यक सम्पूर्ण कार्यहरू गर्ने कार्यक्रम रहेको छ।

# ४. खानी तथा भूगर्भ विभाग

## ४.१ परिचय

भू-बैज्ञानिक अध्ययन एवं अनुसन्धानबाट देशको भौगर्भिक ज्ञानमा अभिवृद्धि गर्ने, भौगर्भिक तथ्याङ्कहरू संकलन गर्ने, भौगर्भिक नक्साहरू प्रकाशन गर्ने र सम्बन्धीत निकायलाई भौगर्भिक सेवाहरू उपलब्ध गराउने, स्वदेशि विभिन्न खनिज सम्पदाहरूको अध्ययन, अन्वेषण र मूल्याङ्कन गरि खनिज भण्डारमा आधारित उद्योगहरूको प्रवर्द्धन गरि देशको आर्थिक विकासमा टेवा पुऱ्याउने, देश भरी स्थापना भएका २१ भूकम्प मापन केन्द्रहरू निरन्तर सञ्चालन र भूकम्पीय अध्ययन एवं अनुसन्धानबाट भूकम्पको निगरानी राख्ने र डाटा संकलन गरी भूकम्प प्रकोपको सहि मूल्याङ्कन गर्ने, नेपालमा पेट्रोलियम तथा प्राकृतिक ग्याँस हुन सक्ने सम्भावित क्षेत्रमा भौगर्भिक तथा भू-भौतिक अन्वेषण गरी पेट्रोलियमको भण्डार हुन सक्ने क्षेत्र पत्ता लगाई अन्तराष्ट्रिय तेल कम्पनीहरूलाई पेट्रोलियम अन्वेषण एवं उत्पादन गर्न आकर्षण गर्ने र खनिज जन्य उद्योगहरूको विकासको लागि प्राविधिक तथा प्रयोगशाला सेवाहरू उपलब्ध गराउने जस्ता कार्यको लागि साविकको भौगर्भिक सर्भेक्षण विभाग र नेपाल खानी विभागलाई गाभी यस विभागको स्थापना भएको छ।

## ४.२ प्रमुख उद्देश्य तथा कार्यहरु

नेपालको भूवैज्ञानिक अध्ययन तथा अनुसन्धान कार्यहरूको आधारमा भूबैज्ञानिक नक्साहरू तयार गरी प्रकाशन गर्ने, खानी तथा खनिजहरूको अध्ययन, अन्वेषण, मूल्याङ्कन तथा प्रवर्द्धन गर्ने, पेट्रोलियम तथा प्राकृतिक ग्याँस अन्वेषण र प्रवर्द्धन गर्ने, शहरी तथा पूर्वाधार विकास निर्माणका लागि भू-इन्जिनियरिङ्ग तथा भू-वातावरणीय अध्ययन, अनुसन्धान गरी निज लागि भू-इन्जिनियरिङ्ग तथा भू-वातावरणीय नक्साहरू तयार गर्ने, सेस्मोटेक्टोनिक अध्ययन र भूकम्प सम्बन्धी अध्ययन, अनुसन्धान र अनुगमन गर्ने, खनिज भण्डारमा आधारित खानी तथा खनिज उद्योगहरूको प्रवर्द्धन विकास तथा संचालन गर्न आवश्यक खानी तथा खनिज पदार्थ ऐन, पेट्रोलियम ऐन तथा नियमहरू तर्जुमा गरी लागु गर्न मस्यौदा प्रस्ताव गरी आधिकारिक तहवाट स्वीकृति प्राप्त गरी कार्यान्वयन गर्ने कार्यहरू गर्दै आएको छ।

## ४.३ कार्य निर्दिष्ट गर्ने सरकारी नीति, ऐन तथा नियमहरु

खनिज सर्भेक्षण भत्ता नियमावली, २०२४,

खानी तथा खनिज पदार्थ सम्बन्धी ऐन, २०४२,

खानी तथा खनिज पदार्थ नियमावली २०५६

## ४.४ अन्तर्गतका कार्यालय

सुर्खेत जिल्लामा भूकम्प मापन केन्द्र एक र नेपालराज्य भरी संचालित २१ साइस्मिक स्टेशनहरू मार्फत देश भरिको भूकम्पीय डाटाहरू संकलन गरी भूकम्प गएको जानकारी सर्वसाधारणलाई दिने र भूकम्पिय सुरक्षा र पूर्ण सतर्कता सम्बन्धी जानकारी दिने, सेस्मोटेक्टोनिक अध्ययन र भूकम्प सम्बन्धी अध्ययन, अनुसन्धान र अनुगमन गर्ने कार्यको लागि विभागको एउटा शाखाको रुपमा भूकम्प मापन केन्द्र काठमाण्डौंमा रहेको छ।

## ४.५ आ. व. ०६५र०६६ को वजेट, खर्च, राजश्व असुली तथा वेरूजु फछ्यौट स्थिति

यस विभागको वजेट उप शिर्षक नं. ३८-३-१३० र ३८-४-१३० हो। गत आ. व. ०६४र०६५ र ०६५र०६६ मा देहाय बमोजिम वजेट विनियोजन, खर्च, राजश्व असुली तथा वेरुजु फछ्यौट भएको छ।

| आर्थिक बर्ष | वजेट रू. '000' | खर्च रू. '000' | राजश्व रू. '000' | आषाढको बेरूजु रू. '000' | वेरूजु फछ्यौट रू. '000' |
|---|---|---|---|---|---|
| ०६४/०६५ | ४,१०,३७ | ३,८५,५९ | १,६८,९४ | ३९,३१ | १५,९६.८ |
| ०६५/०६६ | ४,६६,८५ | ३,५५,५६ | १,९४,०९ | ४३,९६ | २२,३१ |

## ४.६ गत आ. ०६५र०६६ को भौतिक उपलब्धिको तुलनात्मक स्थिति

| सम्पादन भएका मूख्य मूख्य कार्यहरू | एकाई | आ. व. ०६४/०६५ को उपलब्धी | आ. व. ०६५/०६६ को उपलब्धी |
|---|---|---|---|
| खानी खोजतलास प्रमाणपत्र प्रदान | वटा | १७३ | १७९ |
| खानी उत्खनन् प्रमाणपत्र प्रदान | वटा | ७ | ६ |
| खानी खोजतलास प्रमाणपत्र नविकरण | वटा | १४३ | २४३ |
| खानी उत्खनन् प्रमाणपत्र नविकरण | वटा | ६७ | ६७ |
| खनिज र धाउहरूको रसायनिक विश्लेषण (स्याम्पल) | वटा | ५८६ | ६७४ |
| इलिमेन्ट डिटरमिनेसन | वटा | २६७८ | २२६७ |
| नक्साहरूको ट्रेसिङ्ग | वटा | १० | ११ |
| एमोनिया प्रिन्ट | वटा | २१६ | १९७ |
| चट्टान, खनिज र धाउ तथा वालुवाको मिनिरोलोजीकल र पेट्रोलोजिकल अध्ययन | वटा | २३ | ३ |
| खनिज सग्राहलय अध्ययन शैक्षिक सस्था | वटा | ४ | ३ |

## ४.७ आर्थिक वर्ष २०६६/०६७ को लागि विनियोजित बजेट

| २०६६/०६७ को लागि विनियोजित बजेट | | | श्रोत | | |
|---|---|---|---|---|---|
| जम्मा रकम | चालु खर्च | पूँजिगत तथा साँवा भुक्तानी खर्च | नेपाल सरकार | वैदेशिक | |
| | | | | अनुदान | ऋण |
| ४,८०,०६ | ४,६९,६६ | १०,४० | ४,८०,०६ | | |

# ५. घरेलु तथा साना उद्योग विभाग

## ५.१ परिचय

नेपालमा वि.स.१९९६ सालमा व्यवसायिक तालिमको माध्यमबाट रोजगारीको अवसर श्रृजना गर्ने उद्देश्य लिई नेपाली कपडा र घरेलु इलम प्रचार अड्डाको नाममा यस विभागको विधिवत स्थापना भएको हो। यसलाई आर्थिक वर्ष २०१३/१४ मा घरेलु इलम केन्द्र भनी नामाकरण गरियो। आर्थिक वर्ष २०२१/२२ मा अञ्चल केन्द्रको अवधारणा लिई मुलुकभर १४ अञ्चलमा केन्द्रहरू खडा गरी निर्धारित उद्देश्य अनुरुप व्यवसायिक तालिमहरू सञ्चालन भए। त्यसपछि क्षेत्रीय र जिल्लास्तरीय कार्यालयहरू स्थापना भई देशका विभिन्न भागमा समेत घरेलु इलम केन्द्रहरूको विस्तार भएको हो। काठमाण्डौ घरेलु इलम केन्द्रलाई आर्थिक वर्ष २०२२/२३ देखि तत्कालीन घरेलु तथा ग्रामीण उद्योग विभाग अन्तर्गतको प्राविधिक प्रशिक्षण शाखाको रुपमा कायम गरियो। इलम केन्द्रहरूले सीप विकास तालिम सञ्चालन गर्ने, त्यस्ता तालिमबाट उत्पादित सामग्रीको बिक्री गर्ने तथा घरेलु उद्योग दर्ता गर्ने समेतको उद्देश्यले घरेलु तथा साना उद्योग कार्यालयहरूको स्थापना गरिएको हो। यसै क्रममा जनआवश्यकता तथा मागको आधारमा उद्योग प्रशासनको कार्य समेत गर्ने गरी वि.स. २०३० सालमा विभागको कार्यक्षेत्र विस्तार भएको हो। त्यसपछि विभागको नाम घरेलु तथा ग्रामीण उद्योग विभाग रहन गयो। विस्तारित कार्यक्षेत्र अनुरुप आर्थिक वर्ष २०३८/३९ सम्ममा देशका ७५ वटै जिल्लामा घरेलु तथा ग्रामीण उद्योग कार्यालयहरूको स्थापना गरिए। ती कार्यालयहरूले जिल्लाभित्र घरेलु तथा ग्रामीण उद्योग दर्ता गर्ने, प्राविधिक परामर्श सेवा प्रदान गर्ने, सम्भावित उद्योगहरूको स्कीम बनाई वितरण गर्ने, विभिन्न विषयका अल्पकालीन तालिम सञ्चालन गर्ने जस्ता कार्यहरू गर्दै आएका थिए भने साविकमा केन्द्रीय स्तरमा विभाग अन्तर्गतको प्राविधिक प्रशिक्षण शाखाबाट विभिन्न विषयका २ वर्षे साधारण तालिम, १वर्षे एडभान्स तालिम र विभिन्न विषयमा अल्पकालिन तालिम संचालन गर्ने गरि आएको थियो।

यसै गरी करिव ३० जिल्लामा घरेलु तथा ग्रामिण उद्योग विकास समितिका शाखा कार्यालयहरू स्थापना भई ती समितिका कार्यालयहरूले पनि जिल्लाहरूमा प्राविधिक परामर्श सेवा प्रदान गर्ने, सम्भावित उद्योगहरूको स्किम बनाई वितरण गर्ने, विभिन्न विषयका अल्पकालिन तालिम संचालन गर्ने कार्यहरू गर्दै आए जस्ले गर्दा एउटै जिल्लामा एउटै मन्त्रालय अन्तर्गत एउटै प्रकृतिका कार्य गर्न दुई वटा निकाय खडा भई काममा दोहोरोपना आउनुका साथै सरकारको खर्चमा अनावश्यक वृद्धि भएको महसुस गरी आर्थिक वर्ष २०४९।५० मा तत्कालीन सरकारबाट सरकारी सँगठनहरूको पुनःसंरचना गरे पछि घरेलु तथा ग्रामीण उद्योग विभागको नाम परिवर्तन गरी घरेलु तथा साना उद्योग विभाग कायम गरियो र २७ जिल्लाहरूमा सो विभाग अन्तर्गतका कार्यालयहरूले र विकासको पहुच कम भएका ४८ जिल्लाहरूमा विकास समिति ऐन अन्तर्गत गठित घरेलु तथा साना उद्योग विकास समितिबाट कार्यक्रम संचालन गर्दा सरकारी प्रकिया भन्दा फराकिलो दायरा हुने र समिति अन्तर्गत वैदेशिक सहयोग  समेत प्राप्त गर्न सकिने भन्ने उद्देश्यले घरेलु तथा साना उद्योग विकास समितिका शाखा कार्यालयहरू स्थापना गरी सरकारको खर्चमा मितव्ययिता ल्याउने निर्णय गरे पछि सवै जिल्लाहरूमा कार्यालयहरूले पनि निरन्तरता पाए। हाल यस विभाग र यस अन्तर्गतका कार्यालयहरूको मुख्य मुख्य कार्यहरू देहाय अनुसार रहेका छन्:-

## क) उद्योग प्रशासन सम्बन्धी कार्य

- घरेलु तथा साना उद्योगहरूको इजाजत (अनुमति) प्रदान गर्ने।
- घरेलु तथा साना उद्योगहरू दर्ता (रजिष्ट्रेशन) गर्ने।
- घरेलु तथा साना उद्योगको नामसारी, ठाँउसारी, पूँजीबृद्धि, क्षमता बृद्धि, उद्देश्य संशोधन आदि कार्य गर्ने।
- प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी कार्य गर्ने।
- घरेलु तथा साना उद्योगहरूलाई विभिन्न छुट, सुविधा तथा सहुलियत प्रदान गर्ने।
- उद्योग प्रशासनलाई सरल, पारदर्शी, बनाउन आवश्यक कार्यविधि तयार गर्ने।
- घरेलु तथा साना उद्योगबाट उत्पादित सामानहरूको जर्ति प्रमाणित गर्ने।
- घरेलु तथा साना उद्योग संचालनको निमित्त विदेशी नागरिक आवश्यक पर्ने मानसिव आधारमा भिषा सिफारिश गर्ने।
- घरेलु तथा साना उद्योगहरूको लागि आवश्यक पर्ने कच्चा पदार्थ केमिकल/विस्फोटक पदार्थ आयात गर्न गृह मन्त्रालयमा सिफारिश गर्ने।
- साना उद्योगहरूको प्रमाणिकरण गर्ने।

## ख) उद्योग प्रवर्द्धन सम्बन्धी कार्य

- बजारमुखी विभिन्न उद्योगहरूको स्कीम तयार गर्ने।
- संभाब्य उद्योगहरूको प्रविधि विस्तार गर्ने।
- घरेलु तथा साना उद्योगहरूलाई माग अनुसारको प्राविधिक सहयोग उपलब्ध गराउने।
- बजार माग अनुरुपका बिभिन्न सीप विकास तथा उद्यमशीलता विकास तालिमहरूको पाठ्यक्रम तथा निर्देशिका तैयार गर्ने।
- सिप विकास तथा उद्यमशीलता विकास तालिम कार्यक्रम तर्जुमा गरी जिल्ला स्थित कार्यालयहरू मार्फत संचालन गर्ने ब्यवस्था मिलाउने।
- घरेलु तथा साना उद्योग सम्बन्धी आवश्यक नीतिको तर्जुमा गरी पेश गर्ने।
- घरेलु तथा साना उद्योग सम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने।
- घरेलु तथा साना उद्योग सम्बन्धी नीतिगत निर्णयको लागि औद्योगिक प्रवर्द्धन बोर्डमा पेश गर्ने।

# ५.२ उद्देश्य एवं कार्य

घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन गर्न सीपमूलक तालिम संचालन गरी व्यवसायिक जनशक्ति विकास गर्ने हेतूले घरेलु तथा साना उद्योग विभागको स्थापना भएको हो।वेरोजगार, अर्धवेरोजगार, आर्थिक रुपमा

विपन्न, असहाय, गरिव, दलित, जनजाति, द्वन्दपिडित, विस्थापित, अपाङ्ग, पिछडिएका महिला आदिलाई घरेलु तथा साना उद्योग र लघु उद्यमको माध्यमबाट ग्रामीण क्षेत्रमा स्वरोजगारी तथा रोजगारीका अवसरहरू सिर्जना गरी आय र कय शक्ति वृद्धि गर्दै गरिवी न्यूनिकरण गर्ने कार्यमा विभाग कार्यरत छ। घरेलु तथा साना उद्योगको इजाजत, दर्ता, नविकरण, सुविधा सहुलियत सिफारिश एवं अनुगमन, निरीक्षण, प्राविधिक परामर्श, सुझाव, सूचना सम्प्रेषणका साथै उद्योग प्रशासन सम्वन्धी कार्यहरू गर्दै आएको छ।

## ५.३ लघु उद्यम विकास कार्यक्रम

अति विपन्न तथा गरिव वर्गलाई समेट्ने गरी आ.व. ०६६।६७ देखि घरेलु तथा साना उद्योग विभाग अन्तर्गतका सुनसरी, सर्लाही, काभ्रे पलान्चोक, कपिलवस्तु, दाङ, बर्दिया र बाँके गरी जम्मा ७ जिल्लामा नमूनाका रुपमा लघु उद्यम विकास कार्यक्रम संचालन गरिने गरि कार्यक्रम जिल्ला जिल्लामा पठाइ सकिएको छ। यस कार्यक्रम अन्तर्गत उद्यमशीलता विकास सम्वन्धी तालिममा ७७० जनाको सहभागिता रहने अनुमान गरिएको छ। उद्यमशीलता विकास तालिम प्राप्त मध्ये ७०० जनाले सीप विकास तालिम लिने र ६३० जना नयाँ उद्यमी सिर्जना हुने अनुमान गरिएको छ। यसको लागि जम्मा रु.२ करोड विनियोजन गरिएको छ। उक्त कार्यक्रम संचालन हुने प्रत्येक जिल्लावाट ९० जना नयाँ लघु उद्यमी सिर्जना हुनेछन्।

## ५.४ कार्य निर्दिष्ट गर्ने सरकारी नीति, ऐन तथा नियमहरु

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४,
प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४,
औद्योगिक नीति, २०४९,
औद्योगिक व्यवसाय ऐन, २०४९,
उद्यमशीलता तथा सीपविकास तालिम निर्देशिका, २०६५,
विभागीय कार्यविधि दिग्दर्शन, २०६५,
लघु, घरेलु तथा साना उद्योग कर्जा व्यवस्थापन निर्देशिका, २०६३।

## ५.५ अर्न्तगतका कार्यालयहरु

### ५.५.१ घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र

यस केन्द्रले घरेलु उद्योग संचालनमा सहयोग पुऱ्याउन विभिन्न किसिमका व्यवसायीक तालिमहरू संचालन गर्दछ। यो पहिलो प्राथमिकता प्राप्त विकास आयोजनाको रुपमा संचालन भएकाले छुट्टै प्रस्तुत गरिएको छ।

### ५.५.२ केन्द्रिय कारागार कारखाना

यस कारखानाले लामो अवधिको कैदको सजाय पाएका बन्दीहरूलाई आय आर्जन गर्न उत्प्रेरित गर्नुका साथै वन्दी जीवनबाट मुक्त भएपछि आत्मनिर्भर भई समाजमा पुनःस्थापित हुन सघाउने उद्देश्यले त्यस्ता वन्दीहरूलाई सीपमुलक तालिम दिने र तालिम लिई सकेका वन्दीहरूलाई कपडा बुन्न लगाई बन्दीहरूको आय वृद्धि गर्दै त्यसरी उत्पादित सामानहरूको बिक्रि प्रबन्ध मिलाउने कार्य गर्दै आएकोछ। यस कारखानाको लागि वजेट उप शिर्षक नं ३८-३-१४१ मा वजेट विनियोजन हुने गर्दछ। गत आ. व. ०६५।६६ मा यस कारखानाको लागि रु.३१०६ (हजार) विनियोजन भएकोमा रु. २८९४ हजार खर्च भएको छ। चालु आ. व. ०६६।६७ मा यस कारखानाको लागि चालु खर्चतर्फ रु.३६७८ हजार विनियोजन भएको छ र यस वर्ष पूँजीगत खर्चतर्फ रकम विनियोजन गरिएको छैन। यो वजेट विभागीय एवं २७ जिल्ला कार्यालयहरूको वजेटमा समावेश गरिएको छैन। यो कारखाना साधारणतर्फको कार्यालय भएकोले लक्ष प्रगति उल्लेख गरिएको छैन।

### ५.५.३ घरेलु तथा साना उद्योग कार्यालयहरु (२७ जिल्ला)

घरेलु तथा साना उद्योग विभाग अन्तर्गत विभिन्न २७ जिल्लाहरूमा घरेलु तथा साना उद्योग कार्यालयहरू कार्यरत रहेकाछन्। यी कार्यालयहरू पहिलो प्राथमिकता प्राप्त विकास आयोजना भित्र पर्ने भएकोले यी कार्यक्रमको बारेमा अलग्गै प्रस्तुत गरिएको छ।

## ५.६ घरेलु तथा साना उद्योगको दर्ता स्थिति

